# देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## केरवानी, रुपन्देही
## ५ नं.प्रदेश, नेपाल

सुचना प्रकाशित मिति : २०७५/१२/१५

### बोलपत्र/सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

नेपालको संविधानको धारा अनुसूची ९(६), स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ को १(च), ५ नं.प्रदेश सरकारवाट जारि भएको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद ३ व्यवस्था तथा मिति २०७५।१२।०८ को नगरकार्यपालिकाको निर्णय अर्न्तगत रही देहायको नदिघाटवाट ठेक्का प्रकृयाद्वारा उत्खनन् गर्ने तथा घाटगद्धि गरी वेच्ने कार्यको ठेक्का बन्दोवस्त गर्न आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

प्रचलित कानुन वमोजिम दर्ता भै प्रमाणपत्र लिएका व्यवशायी/फर्मले टेण्डर खरिद गरी तपसिलको शर्तका आधारमा आफूले कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा ठेक्का नम्बर उल्लेख गरी सिलवन्दी वोलपत्र पेश गर्नु पर्नेछ । यसरी वोलपत्र दिंदा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत बोलपत्र साथ राखी आफूले बुझाउन कवुल गरेको ठेक्का अंकको ५%का दरले हुने धरौटी वापतको रकम एन.आई.सी. एसिया वैकमा रहेको देवदह नगरपालिका धरौटी खाता नं.15CA051276652401 ग.३ मा जम्मा गरी सोको सक्कल भौचर वा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५३ को उपनियम (२) वमोजिम नेपाल राष्ट्र वैकवाट ईजाजत प्राप्त क.वर्गको वाणिज्य वैकवाट यस कार्यलयको नाममा ठेक्का नं. समेत उल्लेख गरी जारी गरिएको कम्तीमा १२० दिन म्याद भएको वैक ग्यारेण्टी (विड वण्ड) वोलपत्र साथ राखी निर्दिष्ट स्थानमा वोलपत्रदाताको सहिछाप भएको सिलवन्दी वोलपत्र पेश गर्नु पर्नेछ । म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । यस कार्यालयको छाप नभएको र कार्यालयको आधिकारिक पदाधिकारीवाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिईने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत हुनेछ । वोलपत्र दाखिला गर्न अगावै सम्वन्धित वोलपत्र दाताले उत्खनन् गर्न तोकिएको स्थान निरीक्षण गरेर मात्र वोलपत्र दाखिला गर्नु पर्नेछ । पछि परिमाणमा कमी आएको भनी कुनै किसिमको दावी गर्न पाईने छैन । वोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वयम् वा आफ्नो प्रतिनिधि उपस्थित हुनु पर्नेछ र बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भए पनि वोलपत्र खोल्न सकिने छ । यस सूचनामा प्रकाशित ठेक्का सम्बन्धी शर्त वाहेक अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे वमोजिम हुनेछ ।

**ठेक्का सम्बन्धी अन्य विवरण:**

| | |
|---|---|
| वोलपत्र/दरभाउ पत्र खरिद गर्ने अन्तीम मिति | २०७५।१२।२९ |
| बोलपत्र/दरभाउ पत्र दाखिला गनु पर्ने अन्तीम मिति र समय | २०७६।०१।०२ (बाह्र वजे) |
| वोलपत्र/दरभाउ पत्र खोल्ने मिति र समय | २०७६।०१।०२(दुई वजे) |
| वोलपत्र/दरभाउ पत्रको मान्यअवधी | ९० दिन |

वैकको विवरण : एन.आई.सी. एसिया वैकमा रहेको देवदह नगरपालिका धरौटी खाता

धरौटी खाता नं.:15CA051276652401 ग.३

**नदीजन्य पदार्थ उत्खनन संकलन गरिने नदी तथा घाटको विवरण:**

| ठेक्का नं. | नदी तथा खोलाको नाम | उत्खनन, संकलन गरिने घाटको नाम | घाट रहेको स्थल | उतखनन संकलन परिमाण ( घ.फु.) | न्यूनतम ठेक्का रकम भ्याट बाहेक | बोलपत्र/दर भाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १/०७५/०७६ | देवदह ६,९ घोडाहा खोला | सरन जाने बाटो( सरन खोला) | देवदह -७ | २१६०९० | १२,९६,५४०।०० | १०००।०० |
| २/०७५/०७६ | देवदह रोहिणी खोला | गौरी गाउँ विचको उचो भाग | देवदह-१० | ७१९४२९.७६ | ४३,१६,५७८।५६ | ३०००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३/०७५/०७६ | देवदह रोहिणी खोला | सिक्टहन | देवदह-११ | ६१७५७६.४ | ३७,०५,४५८१४ | ३०००।०० |
| ४/०७५/०७६ | देवदह रोहिणी खोला | सिक्टहन | देवदह-१२ | ८०६५३६.०८ | ४८,३९,२१६।४८ | ३०००।०० |
| ५/०७५/०७६ | देवदह १०खहरे खोला | निम चोक नजिक | देवदह-१० | १५२३३९.०४ | ९,१४,०३४।२४ | १०००।०० |
| ६/०७५/०७६ | देवदह १० भलुही खोला | असाम टोल पूर्व | देवदह-१० | ६२८१६०.४ | ३७,६८,९६२।४ | ३०००।०० |
| ७/०७५/०७६ | देवदह १० भलुही खोला | साइट ५ | देवदह-१० | ८३०४९.१२ | ४,९८,२९४।७२ | १०००।०० |
| ८/०७५/०७६ | देवदह ५ कजरार खोला | साइट २, माथिल्लो खण्ड | देवदह-५ | ७१३३६.१६ | ४,२८,०१६।९६ | १०००।०० |

१.वोलपत्र/दरभाउ पत्र विक्री हुने अन्तिम मिति र समय : सुचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय सम्म ।
२. वोलपत्र/दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति र समय : सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० वजे सम्म ।
३. वोलपत्र/दरभाउ पत्र विक्री तथा दाखीला गर्ने स्थान : देवदह नगरपालिका कार्यालय, रुपन्देही
४. वोलपत्र/दरभाउ पत्र खोलीने स्थान, मिति र समय : देवदह नगरपालिका कार्यालय, रुपन्देही , १६ औ दिनको २:०० वजे ।
५. नदिजन्य पदार्थ उत्खनन् गरी तोकीएको स्थानमा घाटगद्धी गरी प्रदेश ५ को नदिजन्य पदार्थ उत्खनन् कार्यविधि २०७५ मा उल्लेख गरिएको समितिले नापजाँच गरि अनुमति दिईसकेपछी मात्र विक्री वितरण गर्नु पर्नेछ ।
६. नदिजन्य पदार्थ उत्खनन् गर्दा राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समितिको सर्तहरु पुर्ण रुपमा पालना गर्नु पर्नेछ ।
७. नदिजन्य पदार्थ बिक्री बितरण गर्दा तोकीएका IEE मा उल्लेख गरिएको मार्ग मात्र प्रयोग गर्न पाईने छ तथा सो सडक मार्गमा धुलो नउड्ने गरी दिनमा ३ पटक पानि छर्किने व्यवस्था गर्नु पर्ने छ ।
८. नदिजन्य पदार्थ संकलन तथा ढुवानी कार्यमा स्थानीय वासीहरुलाई प्राथमिकता दिनु पर्नेछ ।
९.वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै कार्य गर्न गराउन पाईने छैन साथै वातावरण प्रभाव मुल्यांकन IEE सम्वन्धी उल्लेखीत सर्तहरुको पालना गर्नु पर्ने छ।
१०. नदीजन्य पदार्थ निकासी गर्ने वाटोको सामान्य मर्मतको व्यवस्था उत्खननकर्ता स्वयंमले गर्नु पर्नेछ । खर्चको दावी गर्न पाईने छैन ।
११. वोलपत्र विक्री तथा दाखिला गर्ने अन्तिम मितिमा विदा पर्न गएमा विदा सकिएको भोलिपल्ट सोही समयमा हुनेछ ।
नोट :- दररेट र अन्य सर्तहरु वोलपत्र फारममा उल्लेख गरिने छ । साथै थप जानकारीको लागि यस कार्यालयको वेभ साईट www.devdahamun.gov.np वा योजना/राजश्व शाखामा सम्पर्क गर्न सकिने छ ।

......................................
प्रमुख प्रशासकीय अधिकृत
देवदह नगरकार्यपालिकाको कार्यालय